नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २०७५/०७६

मितिः२०७६ असार १३ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रुपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

नेपाल सरकारले हालै अर्थ सम्बन्धी कानूनमा संशोधन गरी 'कानूनी परामर्श' सेवा पनि अनिवार्य मूल्य अभिबृद्धि करमा दर्ता गर्नु पर्ने प्रावधान राखेको र मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ९ र १० को व्यवस्था र मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ समेतको व्यवस्था अध्ययन गर्दा आपसमा अस्पष्टता रहेको र आम कानून व्यवसायीहरु बिच अन्यौलको स्थिति कायम रहेको अवस्थामा नेपाल बार एशोसिएशनले यस सन्दर्भमा आपसी छलफल, परामर्शमा रहि रहेकै अवस्थामा आन्तरिक राजश्व विभागबाट प्रकाशित सार्वजनिक सूचनाबाट थप अन्यौल र जटिलता सिर्जना भएको महसुस गरी आम कानून व्यवसायीको हितमा हुने गरी ऐन र नियममा भएको अस्पष्टता हटाई यस अघिकै कानूनी व्यवस्था (२० लाखको थ्रेस होल्ड) कायम राख्ने, स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्न खुल्ला राख्ने र स्थायी लेखा नम्बर नलिएका कानून व्यवसायीलाई अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिन प्रोत्साहित गर्ने, करदाता शिक्षा/सचेतना कार्यक्रम गर्नुपर्ने लगायतका विषयमा छलफल गरी आम कानून व्यवसायीको राय बमोजिम नेपाल सरकारका अर्थ मन्त्रीज्यू समक्ष मिति २०७६/०३/०६ गतेका दिन पत्र मार्फत ध्यानाकर्षण गराइएको र आपसी भेटघाट छलफलको क्रममा मिति २०७६/०३/१२ गतेका दिन माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिवज्यूहरु, आन्तरिक राजश्व विभाग तथा अर्थ मन्त्रालयका उच्च अधिकृतहरु एवं नेबाएका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरु बिच भेटघाट र छलफल हुँदा सबै कानून व्यवसायीहरुलाई अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता गराउन नखोजिएको, मुद्दाको बहस पैरवी, मस्यौदा गर्ने विषय र परामर्श उपलब्ध गराई सेवा बिक्री गर्ने विषय फरक हो भन्ने नबुझीएकोले अन्यौल सिर्जना भएको देखिएको, परामर्शदाता भई काम गर्ने कानून व्यवसायी र अधिक कारोबार गर्ने कानून व्यवसायीलाई मात्र अनिवार्य

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

गराउन खोजिएको, यस अघिको थ्रेस होल्ड राखिएकोमा सो लाई यथावत कायम राख्ने एवं स्थायी लेखा नम्बर लिई व्यवसाय गर्न सबै कानून व्यवसायीलाई अनिवार्य गर्ने विषयमा मौखिक सैद्धान्तिक सहमति भएको र कानूनी एवं प्रशासनिक रुपमा आर्थिक ऐन २०७६ र नियममा भएको व्यवस्थालाई अध्ययन गरी स्पष्ट पार्न नेबाएका ३ जना प्रतिनिधि र अर्थ मन्त्रालयका प्रतिनिधि बिच मिति २०७६/३/१५ गते दिनको ३:०० बजे बैठक बसी निर्णय लिने र सोही बमोजिम नेबाएको अनुरोध सम्बोधन गर्ने भन्ने आपसी छलफलको निष्कर्ष रहेको र सोही बमोजिम नेबाएको तर्फबाट अध्यक्षज्यू लगायतका पदाधिकारी तथा सदस्यहरुले सञ्चार माध्यम तथा आम कानून व्यवसायीहरु माझ सूचना सम्प्रेषण गरिएकोमा आन्तरिक राजश्व विभागबाट विभागको वेभ साईटमा राखिएको सूचनाबाट आम कानून व्यववसायीहरुलाई उल्लेखित छलफलको निष्कर्षभन्दा भिन्न सन्देश प्रवाह भई पुनः अन्यौल सिर्जना भएको भन्नेतर्फ नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेबाएले आम कानून व्यवसायीको हित, भावना र मर्म विपरित कुनै सहमति/समझदारी गरेको छैन र गर्दैन । आन्तरिक राजश्व विभागको सूचनाबाट मूल्य अभिबृद्धि करमा स्वेच्छिक रुपमा दर्ता हुन थप समय प्रदान गरिएको र अन्य विषयमा सकारात्मक रहि नेबाएको अनुरोध अनुसार थप छलफल गरिने भएको व्यहोरा जानकारी गराउँदै मिति २०७६/०३/१५ गते दिनको ३:०० बजे संयुक्त बैठक बसी आम कानून व्यवसायीको हितमा निर्णय भए अनुसार हुने भएकोले कुनै भ्रम, द्विविधा र अन्यौलमा नपर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ती जारी गरिएको छ ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

अधिवक्ता लीलामणि पौडेल

महासचिव